# सामुदायिक विद्यालयबाट नियमित प्रवेशिका परीक्षामा सहभागी विद्यार्थीहरू बाट शैक्षिक सत्र २०७३/०७४ का लागि विद्यार्थी छात्रवृत्ति बैंक अन्तर्गत उच्च माध्यमिक तहमा अध्ययनका लागि

# छात्रवृत्तिको आवेदन आव्हान सम्बन्धी जरूरी सूचना

परिषद्ले गरिबीको रेखामुनी रहेका जेहेन्दार, अपाङ्ग, दलित, मधेसी/मुस्लीम, आदिवासी जनजाति, सहिद एवम् वेपत्ता परिवारका छोराछोरी, जनआन्दोलन तथा मधेश आन्दोलनका घाइते र दुर्गम तथा पिछडिएको क्षेत्रका विद्यार्थीहरुलाई छात्रवृति बैंक कार्यक्रम अन्तर्गत उच्च माध्यमिक तहमा निःशुल्क पठनपाठनका लागि विगत वर्षहरुमा जस्तै यस वर्ष पनि उपरोक्त वर्गका आधारमा छनौट भएका विद्यार्थीहरुलाई परिषद्बाट सम्बन्धन प्राप्त उच्च माध्यमिक विद्यालय/क्याम्पसमा सिफारिश गरी पठाइने भएको हुँदा सामुदायिक मा.वि. हरुबाट मात्र नियमित प्रवेशिका परीक्षामा सहभागि भई **न्यूनतम औषत स्तरीकृत अङ्क (GPA)** १.६ प्राप्त गरेका माथि उल्लिखित वर्गका विद्यार्थीलाई उच्च माध्यमिक तह कक्षा ११ र १२ मा निःशुल्क अध्ययनको लागि परिषद्ले तोकेको आवेदन फाराम भरी उक्त फाराममा सम्बन्धित विद्यालयको प्र.अ. र सम्भव भएसम्म जिल्ला शिक्षा अधिकारीको सिफारिश सहित तपसिल अनुसारका कागजातहरु संलग्न गरी **२०७३ साल असार २७ गते भित्र** परिषद्का जिल्लास्थित कार्यालयहरुमा छात्रवृत्ति आवेदन फाराम बुझाउनु हुन सम्बन्धित सरोकारवालाहरुका लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघि र भर्ना भएपछि आवेदन दिन आएका आवेदन उपर कुनै कारवाही गरिने छैन।

१. छात्रवृत्तिका लागि समयमा नै छात्रवृत्ति आवेदन फाराम भर्न आफ्ना सम्बन्धित जिल्ला कार्य समितिलाई निर्देशन दिनुहुन अपाङ्ग, दलित र जनजातिका संघ संस्थाहरुलाई समेत अनुरोध गरिन्छ।

२. यस शैक्षिक सत्र २०७३/०७४ को कक्षा ११ मा विद्यार्थी भर्ना गर्दा परिषद्बाट सिफारिस भैआएका छात्रा-छात्रलाई निःशुल्क छात्रवृत्तिका लागि अनिवार्य रुपमा भर्ना गर्न कम्तीमा **३ प्रतिशत सिट सुरक्षित राख्नुहुन** सम्पूर्ण उच्च माध्यमिक विद्यालय/क्याम्पसहरुलाई समेत जानकारीका लागि अनुरोध गरिन्छ।

३. विज्ञान विषय समूह अध्ययन गर्नका लागि प्रवेशिका परीक्षाको नतिजामा औषत स्तरीकृत अङ्क (GPA) न्यूनतम २.० प्राप्त गरी **अङ्ग्रेजी** विषयमा सैद्धान्तिकमा न्यूनतम C(सी) ग्रेड, **विज्ञान, र गणित** विषयमा सैद्धान्तिकमा न्यूनतम $C^+$(सी प्लस) ग्रेड र बाँकी ३ वटा अनिवार्य विषयको सैद्धान्तिकमा न्यूनतम $D^+$ (डी प्लस) ग्रेड ल्याई छात्रवृत्ति प्रवेश परीक्षामा सम्मिलित भई उत्तीर्ण भएकाहरुलाई योग्यताक्रम अनुसार विद्यालयमा सिफारिस गरिनेछ।

४. वाणिज्य समूहमा अध्ययन गर्नका लागि प्रवेशिका परीक्षाको नतिजामा औषत स्तरीकृत अङ्क (GPA) न्यूनतम १.६ प्राप्त गरी **अंग्रेजी र गणित** विषयमा C (सी) ग्रेड र बाँकी ४ वटा अनिवार्य विषयको सैद्धान्तिकमा न्यूनतम $D^+$ (डी प्लस) ग्रेड ल्याई छात्रवृत्ति प्रवेश परीक्षामा सम्मिलित भई उत्तीर्ण भएकाहरुलाई योग्यताक्रम अनुसार विद्यालयमा सिफारिस गरिनेछ।

५. मानविकी र शिक्षा विषय समूहमा अध्ययन गर्नका लागि प्रवेशिका परीक्षाको औषत स्तरीकृत अङ्क (GPA) न्यूनतम १.६ प्राप्त गरी **अंग्रेजी/नेपाली/गणित/ विज्ञान/ सामाजिक अध्ययन/ स्वास्थ्य जनसंख्या र वातावरण** विषय मध्ये कुनै एक र उच्च माध्यमिक तहमा विशिष्टिकरण गर्ने विषयको अनिवार्य रुपमा न्यूनतम C (सी) ग्रेड प्राप्त गरेका र बाँकी अन्य अनिवार्य विषयहरुमा $D^+$ (डी प्लस) ग्रेड प्राप्त विद्यार्थीहरुलाई योग्यताक्रमको आधारमा विद्यालयमा सिफारिस गरिनेछ।

६. छात्रबृत्ति प्रवेश परीक्षा **मिति २०७३ श्रावण १ गते शनिवारका दिन विहान १०.०० बजे** उ.मा.शि. परिषद्को सम्बन्धित जिल्लास्थित कार्यालयले तोकेको स्थानमा संचालन गरिने छ।

७. परिषद्का जिल्लास्थित कार्यालयहरूले पनि यसै सूचनालाई आधारमानि सोही अनुसार गर्नु गराउनु हुन जानकारी गराईन्छ।

## आवेदन साथ पेश गर्नु पर्ने कागजातहरू

१. प्रवेशिका परीक्षामा सहभागी भई प्राप्त गरेको स्तराङ्कपत्र (Grade Sheet) को प्रतिलिपी वा इन्टरनेटबाट डाउनलोड गरिएको ग्रेडसिट।

२. दलित, आदिवासी जनजाति, अपाङ्ग, शहिद एवम् वेपत्ता परिवारका छोराछोरी, जनआन्दोलन तथा मधेश आन्दोलनका घाइते विद्यार्थीहरुले आधिकारीक निकायले प्रदान गरेको प्रमाण पेश गर्नुपर्ने छ। (थरबाट दलित, आदिवासी जनजाति, मधेशी खुल्न नसकेको हकमा प्रमाण आवश्यक पर्ने)

| सि.नं. | छात्रवृत्ति आवेदन फाराम प्राप्त गर्ने कार्यालय | सम्बन्धित जिल्लाहरु |
|---|---|---|
| १. | उ.मा.शि.परिषद् विराटनगर कार्यालय | ताप्लेजुङ्ग, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा, भोजपुर |
| २. | उ.मा.शि.परिषद् सिरहा कार्यालय | ओखलढुंगा, खोटाङ, उदयपुर, सप्तरी, सिराहा |
| ३. | उ.मा.शि.परिषद् जनकपुर कार्यालय | धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली |
| ४. | उ.मा.शि.परिषद् हेटौडा कार्यालय | मकवानपुर, रौतहट, बारा, पर्सा, चितवन |
| ५. | उ.मा.शि.परिषद् काठमाडौं कार्यालय | सोलुखुम्बु, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, भक्तपुर, ललितपुर, काठमाडौं, नुवाकोट, रसुवा, धादिङ्ग |
| ६. | उ.मा.शि.परिषद् पोखरा कार्यालय | गोरखा, लमजुङ, तनहुँ, स्याङजा, कास्की, मनाङ, मुस्ताङ, म्याग्दी, पर्वत, बागलुङ |
| ७. | उ.मा.शि.परिषद् बुटवल कार्यालय | गुल्मी, पाल्पा, नवलपरासी, रुपन्देही, कपिलवस्तु, अर्घाखाँची |
| ८. | उ.मा.शि.परिषद् दाङ्ग कार्यालय | रुकुम, सल्यान, रोल्पा, प्यूठान, दाङ्ग |
| ९. | उ.मा.शि.परिषद् नेपालगंज कार्यालय | बाँके, बर्दिया, सुर्खेत, दैलेख, जाजरकोट, डोल्पा, जुम्ला, कालिकोट, मुगु, हुम्ला |
| १०. | उ.मा.शि.परिषद् धनगढी कार्यालय | कैलाली र कञ्चनपुर |
| ११. | उ.मा.शि.परिषद् डडेल्धुरा कार्यालय | बझाङ, बाजुरा, अछाम, डोटी, डँडेलधुरा, बैतडी, दार्चुला |

➢ *आवेदन फारम विद्यार्थीले जुन जिल्लास्थित कार्यालय अन्तर्गतको विद्यालयमा अध्ययन गर्न चाहेको हो अनिवार्य रुपमा सोहि जिल्लास्थित कार्यालयमा बुझाउनु पर्ने छ। आवेदन फारम परिषद्को Website www.hseb.edu.np भित्र Notice बाट Download गरि निकाल्न सकिने छ।*

*नोटः- छात्रवृत्ति नतिजा प्रकाशित गर्दा विद्यार्थीहरुलाई निजले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा प्राथमिकता अनुसार विद्यालय तोकि नतिजा प्रकाशित गरिने छ।*

**उच्च माध्यमिक शिक्षा परिषद्**
**सम्बन्धन महाशाखा**
**सानोठिमी, भक्तपुर**
फोन नं. ६६३१३९४